**आकाशवाणी समाचार- नेपाली**

मितिः ०३ अप्रेल २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

- प्रधानमंत्री नरेंद्र मोदीले गुड फ्राइडेको अवसरमा **यीशु मसीहको** बलिदानलाई स्मरण गर्नु हुदै यस दिनले मानिसहरुलाई करुणा, क्षमा र सेवाको आदर्श पालन गर्न प्रेरित गर्ने बताउनु भएको छ।

- पश्चिम बंगाल विधानसभा चुनावको दोस्रो चरणको अधिसूचना हिज जारी गरिएको छ। यस चरणमा, २९ अप्रेल मा १४२ विधानसभा निर्वाचन क्षेत्रमा मतदान हुनेछ।

- पश्चिम बंगालको मालदा जिल्लामा सात न्यायिक अधिकारिहरु सितको दुर्व्यवहारको मामिलामा हिज दिउसो सम्म कुल 18 जनालाई पक्राउ गरिएको छ।

- मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारले पश्चिम बंगालको मालदा जिल्लामा न्यायिक अधिकारीहरूमाथि भएको आक्रमणको छानबिन गर्न राष्ट्रिय अनुसन्धान एजेन्सी (एनआईए) लाई सौम्पिनु भएको छ।

- रेलवे सुरक्षा बलको खड़गपुर डिवीजन टीमले दीघा क्षेत्रमा चलिरहेको अवैध ई-टिकटिंग र्याकेटको भण्डाफोड गरेकोछ।

**संशो प्रधानमंत्री - गुड फ्राइडे**

प्रधानमंत्री नरेंद्र मोदीले गुड फ्राइडेको अवसरमा **यीशु मसीहको** बलिदानलाई स्मरण गर्नु हुदै यस दिनले मानिसहरुलाई करुणा, क्षमा र सेवाको आदर्श पालन गर्न प्रेरित गर्ने बताउनु भएको छ। उहाँले यी मूल्यहरुलाई जीवनमा अपनाउने र समाजमा शांति तथा भाईचारा बनाइ राख्ने संदेश दिनु भयो।

**यसै बीच, लोकसभा अध्यक्ष ओम बिरलाले गुड फ्राइडेको अवसरमा यीशु मसीहको बलिदानलाई याद गर्नु भयो।**

**अनित थापा - गुड फ्राइडे**

जी टि ए प्रमुख कार्यपाल अनित थापाले गुड फ्राइडेको अवसरमा मानिसहरुलाई शुभकामना दिनु भएको छ।सोसल मिडिया पोस्टमा उहाले भन्नु भएको छ गुड फ्राइडेको सन्देश यही छ कि जति अँध्यारो भए पनि आशाको उज्यालो जन्मिन्छ।ईश्वरलाई अथाह माया र कृपाप्रति धन्यवाद।तपाईंहरू सबैको जीवन शान्ति र आशीर्वादले भरिपूर्ण बनोस्।

**पश्चिम बंगाल – अधिसूचना**

पश्चिम बंगाल विधानसभा चुनावको दोस्रो चरणको अधिसूचना हिज जारी गरिएको छ। यस चरणमा, २९ अप्रेल मा १४२ विधानसभा निर्वाचन क्षेत्रमा मतदान हुनेछ। यससँगै, यस चरणको लागि मनोनयन दर्ता गर्ने प्रक्रिया सुरु भएको छ। उम्मेदवारहरूले ९ अप्रेल सम्म आफ्नो मनोनयन पत्र दर्ता गर्न सक्नेछन्। १० अप्रेलमा मनोनयन पत्रहरूको जाच गरिनेछ र १३ अप्रेल सम्म मनोनयन फिर्ता लिन सकिनेछ। यसैबीच, चुनावको पहिलो चरणको लागि मनोनयन दर्ता गर्ने प्रक्रिया हाल चलिरहेको छ। अप्रिल ६ सम्म मनोनयन दर्ता गर्न सकिनेछ। पहिलो चरणको लागि मतदान २३ अप्रेल मा हुनेछ।

**मालदा न्यायिक अधिकारि दुर्व्यवहार मामिला**

पश्चिम बंगालको मालदा जिल्लामा सात न्यायिक अधिकारिहरु सितको दुर्व्यवहारको मामिलामा हिज दिउसो सम्म कुल 18 जनालाई पक्राउ गरिएको छ। पक्राउ पर्नेहरुमा अल्पसंख्यक बहुल मोथाबाड़ी विधानसभा क्षेत्रका अखिल भारतीय सेक्युलर फ्रंट (एआईएसएफ) को प्रत्याशी मौलाना शाहजान अली पनि शामिल छन्। सबै आरोपीहरुलाई हिज मालदा जिल्ला अदालतमा पेश गरिएको छ। अदालतमा पेशी अवधि शाहजान अलीले उनलाई पुलिसले राजनीतिक कारणहरुले फंसाएको मिडियालाई बताएका छन् ।

उल्लेखनीय च बुधवार राती मालदा जिल्लाको कालियाचक स्थित एक प्रखंड कार्यालयमा "तार्किक विसंगति" श्रेणीमा मतदाता सूचीको नाम हटाइएको मा असन्तुस्ट अल्पसंख्यक मानिसहरुको एक समुहले सात न्यायिक अधिकारिहरुलाई बंधक बनाएक थिए । यी अधिकारिहरुमा तीन महिला पनि शामिल थिए ।

सूचना प्राप्त भए पछि हिज लगभग 01 बजे वरिष्ठ जिला अधिकारिको नेतृत्वमा ठुलो संख्यामा पुलिस बल घट्ना स्थलमा पुग्यो। पुलिसले प्रदर्शनकारिहरुलाई हटाएर झन्डै नौ घण्टा पछि न्यायिक अधिकारिहरुलाई सुरक्षित उद्धार गरिएको थियो 1 यस घटना माथि सर्वोच्च न्यायालयको एक खंडपीठले गहिरो असन्तुष्टि व्यक्त गरेको थियो। न्यायमूर्ति सूर्यकांतको अध्यक्षतामा रहेको पीठले यसलाई राज्यमा कानून-व्यवस्थाको गंभीर विफलताको संकेत बताएको थियो।

**पश्चिम बंगाल- सीबीआई जांच**

मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारले पश्चिम बंगालको मालदा जिल्लामा न्यायिक अधिकारीहरूमाथि भएको आक्रमणको छानबिन गर्न राष्ट्रिय अनुसन्धान एजेन्सी (एनआईए) लाई सौम्पिनु भएको छ। एनआइएको टोली आज पश्चिम बंगाल आउदैछ। यसअघि हिजो सर्वोच्च अदालतले एस.आई.आर. प्रक्रिया रहेका सात न्यायिक अधिकारिहरुलाई बंधक बनाएको मामिलामा संज्ञान लिएको थियो ।अदालतले यसलाई 'निन्दनीय' बताउदै गृह सचिव, पुलिस महानिर्देशक र अन्य अधिकारीहरूलाई उनीहरूको निष्क्रियताको लागि जवाफ मागेको थियो। यो निर्णय सर्वोच्च न्यायालयको निर्देशको अनुपालनमा लिएको हो। उनिहरुले 6 अप्रैलमा सर्वोच्च न्यायालयमा आफ्नो प्रारंभिक रिपोर्ट प्रस्तुत गर्ने छन्।

***यसै बीच मुख्य चुनाव आयुक्तले मालदा घटना पछि राज्यमा कानून-व्यवस्थाको स्थिति प्रति असन्तुष्टि व्यक्त गर्नु भएको छ। आयोग सूत्र अनुसार, उहाँले हिज एक आपातकालीन वर्चुअल बैठकमा राज्यको शीर्ष प्रशासनिक र पुलिस अधिकारिहरुलाई कडा चेतावनी दीइएकोछ। यस बैठकमा मुख्य सचिव, पुलिस महानिदेशक, मुख्य निर्वाचन अधिकारी, कोलकाता पुलिस आयुक्त, साथै सबै जिल्ला मजिस्ट्रेट अनि पुलिस अधीक्षक शामिल रहेका थिए। उहाँले मालदा जिल्ला मजिस्ट्रेट र पुलिस अधीक्षकको भूमिका माथि प्रश्न उठाउनु भयो। उहाँले घन्टौ सम्म अशांति जारी रहदा पनि कुनै वरिष्ठ अधिकारी घटनास्थलमा उपस्थित नरहेकोमा घटना प्रति गहिरो असन्तुष्टि व्यक्त गर्नु भयो।***

***यसै बीच, शहरी विकास विभागका प्रधान सचिव मोहम्मद गुलाम अली अंसारीलाई मालदा मंडलको आयुक्त नियुक्त गरिएको छ। आयोगले न्यायिक अधिकारिहरुको सुरक्षा बढ़ाउने आदेश दिएको छ।***

**शाह - कोलकाता रोड शो**

वरिष्ठ भाजपा नेता तथा केन्द्रीय गृहमन्त्री अमित शाहले हिज पश्चिम बंगालमा परिवर्तनको आह्वान गर्नु भयो। शाह भवानीपुर विधानसभा सिटका लागि पार्टीका उम्मेदवार शुभेन्दु अधिकारीको समर्थनमा र रासबिहारी, बालीगंज र चौरंगी विधानसभा क्षेत्रका भाजपा उम्मेदवारहरूको समर्थनमा कोलकातामा आयोजित रोड शोमा सामेल हुनुभएको थियो। रोड शोमा भेला भएका मानिसहरुलाई सम्बोधन गर्नु हुँदै श्री शाहले भन्नु भयो भ्रष्टाचार, महिला सुरक्षाको अभाव, घुसपैठ र त्यसपछिको जनसांख्यिकीय परिवर्तनका कारण पश्चिम बंगालका जनताको जीवन समस्यामा परेको बताउनु भयो। उहाँले बंगालका जनतालाई निर्भयतापूर्वक मतदान गर्न आग्रह गर्नु भयो।

**अवैध रेलवे ई-टिकटिंग रैकेट**

रेलवे सुरक्षा बलको खड़गपुर डिवीजन टीमले दीघा क्षेत्रमा चलिरहेको अवैध ई-टिकटिंग र्याकेटको भण्डाफोड गरेकोछ। यस मामिलमा एक मुख्य आरोपि विरुद्ध रेलवे अधिनियमको धारा 143 अन्तर्गत मामिला दर्ता गरि जांच शुरू गरेको छ। हिज जारी प्रेस विज्ञप्तिमा अधिकारिहरुले आरपीएफलाई केहि मोबाइल नम्बर मार्फत रेलवेको ई-टिकटको अवैध कारोबार चलिरहेको सूचना प्राप्त भएको बताएको थियो।सूचनाको आधारमा आरपीएफ/सीआईबी खड़गपुर र आरपीएफ पोस्ट दीघाको संयुक्त टोलीले कार्वाई गर्दै जांच शुरू गरेको थियो। जांचमा एक व्यक्तिले आईआरसीटिसीको धेरै व्यक्तिगत प्रयोगकर्ता आईडीको दुरुपयोग गरेर टिकट बुकिङ गर्ने गरेको खुलेको भएको छ। रेलवे ऐनको धारा 143 अन्तर्गत 30 मार्च 2026 मा आरपीएफ पोष्ट दिघामामा केस नम्बर 60/2026 दर्ता गरिएको थियो। नोटिस पाएपछि अभियुक्तले अप्रिल १ मा दीघास्थित आरपीएफ पोष्टमा उपस्थित भएर आफ्नो मोबाइल फोन र अन्य कागजात जाच अधिकारीलाई बुझाएका थिए।जांच अवधि आरोपिबाट तीन लाइव ई-टिकट र 12 पुराने अथवा उपयोग गरिएको टिकट जफत गरिएको छ।

**खरसाङदेखि मालगाडीको यात्रा**

दार्जिलिङ पहाडमा कुद्ने धेरै पुरानो दार्जिलिङ हिमालयन रेलवेको मालगाडी हिज खरसाङदेखि दार्जिलिङसम्म चल्यो। हिज बिहान 9:30 देखि 10 बजीको समयमा खरसाङ रेलवे स्टेशनबाट उक्त मालगाडी विदेशी पर्यटकहरुका लागि चलाइएको थियो। प्राप्त जानकारी अनुसार, यो मालगाडी विशेष रुपमा विदेशी पर्यटकहरुका लागि गत 30 मार्चदेखि चलाइएको छ। 30 मार्चको दिन सिलगढीदेखि तीनधारेसम्म, 31 मार्चको दिन तीनधारेदेखि रंगटङ्गसम्म र रंगटङ्ग देखि पुनः तीनधारेसम्म चलाइएको थियो। त्यसरी नै 1 अप्रेलको दिन तीनधारेदेखि रंगटङ्गसम्म, 2 अप्रेल बिहिवार खरसाङदेखि दार्जिलिङसम्म चलाइयो। यसै क्रममा 3 अप्रेलको दिन दार्जिलिङदेखि घुम र घुमदेखि दार्जिलिङसम्म चलाइने जानकारी प्राप्त भएको छ।
पहिले मालगाडी दार्जिलिङ पहाडमा सामानहरुको ओसार पसारका लागि मुख्य सवारी साधन थियो। उक्त मालगाडीले हिज बिहान खरसाङ रेलवे स्टेशनबाट यात्रा शुरु गरेको थियो। उक्त मालवाहक रेलगाडीको डिब्बा 1943 - 44 सालमा तीनधारेमा बनिएको जानकारी प्राप्त भएको छ।

**मन्दिर नजिक चुनावी होर्डिङ**

सिलगढी नगर निगमको वार्ड नम्बर २ मा हिज हनुमान जयन्तीको अवसरमा पूजा चलिरहेको समयमा मन्दिर छेउमा एउटा राजनीतिक दलको चुनावी प्रचार सामग्री (होर्डिङ) राखिएपछि स्थिति तनावपूर्ण बनेको थियो। धार्मिक स्थलको नजिकै चुनावी प्रचार बोर्ड राखिएको भन्दै स्थानीय बासिन्दाहरूले कडा आपत्ति जनाएका थिए। तनाव बढेपछि प्रधान नगर थाना पुलिस र निर्वाचन आयोगले तत्काल हस्तक्षेप गरी उक्त विवादित होर्डिङ हटाउने व्यवस्था मिलाएका थिए।

****** o ******